अनुसूची-१२

पशुपन्छी तथा मत्स्य नियमन कार्यक्रम

डेरी पसल अनुगमन तथा निरीक्षण फाराम

१. डेरी पसलको नाम:
२. ठेगाना:
३. संचालकको नाम र सम्पर्क नं
४. डेरी पसलको भित्ता पक्की खालको र भित्ताको भित्री भागमा सेतो रङ्गको टायल (कम्तीमा ६ फिट उचाई सम्म) लगाएको/नलगाएको।
५. डेरी पसलको बिक्री कक्षको भुई नचिप्लने, पानी नजम्ने र नसोस्ने किसिमले ढलान गरिएको र टायल मार्बल
६. डेरी पसलको उँचाई न्यूनतम ८ फिट रहने गरी सिलिङ्ग राखिएको र सिलिङ्ग धुलो मैलो नखस्ने र पानी नतप्किने (Dripping proof) बनाईएको/नबनाएको।
७. डेरी पसल तथा आसपासको क्षेत्र सफा र आकर्षक हुनुका साथै फोहोर व्यवस्थापनको प्रवन्ध मिलाएको/नमिलाएको।
८. डेरी पसलमा प्रयोग गरिने औजार/उपकरणहरू खिया नलागेको तथा फुडग्रेड स्टेनलेस स्टीलले बनेको भएको/नभएको।
९. डेरी पसलमा काम गर्ने व्यक्तिले असल व्यवस्थापन अभ्यास (एप्रोन, गमबुट, मास्क, क्याप, ग्लोब्स आदि) भएको/नभएको।
१०. डेरी पसलमा कीरा, भुसुना र चराचुरुङ्गी नपस्ने गरी जाली/सिसा लगाएको/ नलगाएको।
११. डेरी पसलमा मूल्य सूची देखिने गरी टाँस गरेको/नगरेको।
१२. डेरी पसलहरू सरसफाई गर्दा किटनाशक विषादीहरू प्रयोग भएको/नभएको।
१३. डेरी पसलबाट निस्केका दूधजन्य फोहोरहरू सुरक्षित रुपले व्यवस्थापन भएको/नभएको।
१४. निरीक्षणमा दिइएको टिप्पणी

निरीक्षणमा खटिएको कर्मचारीको
नाम थर
रमलखत:
मिति:

कृषि अधिकृत

अनुसूची-२०

पशुपन्छी तथा मत्स्य नियमन कार्यक्रम

मासु पसल सुधारको लागि आवश्यक मापदण्ड

१. यस कार्यक्रम अन्तर्गत छनोट हुने मासु पसल स्थानीय तह वा सरकारी निकायमा आधिकारिक दर्ता र नियमित नवीकरण हुनु पर्नेछ।

२. हरेक मासु पसलको काउन्टर वा मासु बिक्री गर्ने ठाँउ सिसा र जाली लगाएको हुनु पर्नछ।

३. मासु पसलको भित्ता पक्की खालको र भित्ताको भित्री भागमा सेतो रङ्गको टायल कम्तीमा ६ फिट उचाईसम्म लगाएको हुनु पर्नेछ।

४. पशु वध गर्ने स्थानको भूई सजिलै सँग सफा गर्न सकिने, पानी नजम्ने र नसोस्ने किसिमले टायल र मार्वल लगाई निर्माण गएिको हुनु पर्नेछ।

५. पशु वध गर्ने स्थानमा बाहिरबाट कुनै जनावर, कीरा, फट्याङ्ग्रा र चराचुरुङ्गी पस्न नसक्ने व्यवस्था मिलाईएको हुनु पर्नेछ।

६. वध गर्ने साना जनावर (खसि, बोका) लाई झुण्डाएर छाला काढ्ने सुविधा भएको हुनु पर्नेछ।

७. मासु सफा गर्न पिउन योग्य पानीको प्रयोग गर्ने व्यवस्था हुनु पर्ने र कम्तीमा २०० लिटर सम्म सफा पानी राख्ने सुविधा भएको हुनु पर्नेछ।

८. मासु पसलमा धुलो नझर्ने तथा पानी नचुहिने गरि छानाको निर्माण भएको हुनु पर्नेछ।

९. मासु राख्ने टेवुल जमिन भन्दा कम्तीमा एक मिटरको उचाई भएको स्टेनलेस स्टिलको हुनु पर्नेछ (इनामेल लगाएको तथा अल्मुनियम टेवल प्रयोग गर्ने पाइने छैन)।

१०. मासु काट्नको निम्ती प्रयोग गरिने अचानो काठको टुक्रा ननिस्कने विशेष खालको हुनु पर्नेछ (कुसुम वा इमिलीको हुनुपर्ने)।

११. मासु झुण्डाउदा भूई, छाना, भित्ता, खम्बा आदी ठाँउमा नछोईने किसिमको हुनु पर्नेछ।

१२. मासुको आकर्षण बढाउन कुनै प्रकारको रंग, रसायन वा औषधीको प्रयोग गर्न पाईने छैन। खसि, बोका, रांगो र भैंसीको मासु छाला हटाई बेच्नु पर्नेछ।

१३. मासुमा पानी छर्कन, डुबाउन वा पानीमा भिजाईएको कपडाले छोप्न पाईने छैन।

१४. मासु तौलने ढक तराजुहरू अन्य वस्तु वा भूइमा लसपस नहुने गरी राख्नु पर्नेछ र सफा हुनुपर्ने छ। मासु तौलने ढक तराजुहरू गुणस्तर तथा नापतौल विभागबाट प्रमाणित भएको हुनुपर्नेछ।

१५. प्रयोग नभएको अवस्थामा अचानो वा टेवुल सफा रहने गरि छोपेर राख्नु पर्ने छ। वध गरिएको पशुको भित्र्यौस, टाउको, रगत जस्ता भाग मासु पसलमा राखि बिक्री गर्न चाहेमा मासु सँग लसपस नहुने गरि अलग्गै राखि बिक्री गर्नु पर्नेछ।

१६. मासु काट्दा टुक्रिएको आधा किलो देखि एक किलो मासु बाहेक अन्य मासु झुण्डाएको भागबाट मात्र बिक्री गर्नु पर्नेछ। वध गरिएको पशुको झुण्डाई मासु बेच्दा अन्तीम समय सम्म भाले वा पोथीको अंग स्प्रष्ट देखिने गरि राख्नु पर्नेछ र बिक्रेताले फ्रिजको व्यवस्था गर्नु पर्ने छ।

१७. पशु वध गर्दा निस्कने फोहोर मैला वातावरणलाई असर नगर्ने गरी सुरक्षित रुपले व्यवस्थापन गर्नुपर्नेछ।

१८. पशु वध गर्ने हतियार, झुण्डाउन प्रयोग गरिने हुक र अन्य औजार र उपकरणहरू खिया नलागेको तथा फुडग्रेड स्टेनलेस स्टीलले बनेको हुनु पर्नेछ।

१९. राँगो वध गर्ने स्थानमा सफा प्लास्टिकको तिरपाल ओछ्याइएको हुनु पर्ने। मासु र मासुजन्य पदार्थ बिक्री वितरण गर्दा २० माइक्रोनभन्दा तलको प्लास्टिक प्रयोग गर्न पाइने छैन र यसरी प्रयोग गर्दा सेतो रङ्गको प्रयोग गर्नुपर्नेछ।

२०. विरामी भएका र तत्काल एण्टीबायोटिक औषधी प्रयोग गरेका पशुपन्छीहरू वध गर्न पाईने छैन। मासु ओसारपसार गर्ने साधन सफा र किटाणुमुक्त साथै लामो ढुवानी गर्दा कम तापक्रम हुने साधन कोल्ड चेन हुनुपर्ने छ।

कृषि अर्थविज्ञ

महाशाखा प्रमुख

बिरामी भएका र तत्काल एण्टीबायोटिक औषधी प्रयोग गरेका पशुपन्छीहरु वध गर्न पाईने छैन। मासु ओसार्ने साधन सफा र किटाणुमुक्त साथै लामो दुवानी गर्दा कम तापक्रम हुने साधन कोल्ड चेन हुनुपर्ने छ। वधशाला भित्र वस्ने र काम गर्ने व्यक्तिले प्रत्येक ६/६ महिनामा स्वास्थ्य परीक्षण गराई निरोगीको प्रमाण पत्र राख्नु पर्ने छ। वधशाला भित्र वस्ने र काम गर्ने व्यक्तिले नियमित रूपमा नङ्ग काट्ने र सफासुग्घर हुनु पर्ने छ र सफा एप्रोन र मास्क लगाई काम गर्नु पर्ने छ।

मासु बिक्री गर्ने काउन्टरमा स्प्रष्ट देखिने गरि आफुले बिक्री गर्ने मासुको मुल्य र मासु बिक्री गर्ने पशुपन्छीको प्रकार टाँस गरि राख्नु पर्नेछ।

कृषि अर्थविज्ञ

अनुसूची-२१

पशुपन्छी तथा मत्स्य नियमन कार्यक्रम

डेरी पसल सुधारको लागि आवश्यक मापदण्ड

१. डेरी पसलको हकमा न्यूनतम ७ फिट चौडाई र १० फिट लम्बाई भएको पसल हुनु पर्नेछ।

२. डेरी पसलको उँचाई न्यूनतम ८ फिट रहने गरी सिलिङ राखिएको र सिलिङ धुलो मैलो नखस्ने र पानी नचुहिने (Dripping proof) बनाईएको हुनु पर्नेछ।

३. डेरी पसलको भित्ता पक्की खालको र भित्ताको भित्री भागमा सेतो रङको टायल (कम्तीमा ६ फिट उचाई सम्म) लगाएको हुनु पर्नेछ।

४. डेरी पसलको बिक्री कक्षको भुई नचिप्लने, पानी नजम्ने र नसोस्ने किसिमले ढलान गरिएको र टायल/मार्बल लगाई सजिलै सफा गर्न सकिने किसिमको हुनु पर्नेछ।

५. डेरी पसल तथा आसपासको क्षेत्र सफा र आकर्षक हुनुका साथै फोहोर व्यवस्थापनको प्रबन्ध मिलाएको हुनु पर्नेछ।

६. डेरी पसलमा प्रयोग गरिने औजार/उपकरणहरू खिया नलाग्ने को तथा फुडग्रेड स्टेनलेस स्टीलले बनेको हुनु पर्नेछ।

७. डेरी पसलमा काम गर्ने व्यक्तिले असल व्यवस्थापन अभ्यास (एप्रोन, गमबुट, मास्क, क्याप, ग्लोब्स आदि) अवलम्बन गर्नुपर्नेछ।

८. डेरी पसलमा कीरा, भुसुना र चराचुरुङ्गी नपस्ने गरी जाली/सिसा लगाएको हुनु पर्नेछ।

९. डेरी पसलमा मूल्य सूची देखिने गरी टाँसिएको हुनुपर्नेछ।

१०. डेरी पसलहरू सरसफाई गर्दा किटनाशक विषादीहरू प्रयोग गर्न पाइनेछैन।

११. डेरी पसलबाट निस्केका दूधजन्य फोहोरहरू सुरक्षित रुपले व्यवस्थापन गर्नुपर्नेछ।

कृषि अर्थविज्ञ

अनुसूची-२३

निवेदनको ढाँचा

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

मितिः .....

श्रीमान् प्रमुख ज्यू,

..... (कार्यालयको नाम),

....., लुम्बिनी प्रदेश।

विषयः ..... कार्यक्रम सञ्चालनको लागि प्रस्ताव सहितको निवेदन सम्बन्धमा।

भएको सूचना अनुसार ..... कार्यक्रममा सहभागी हुन ईच्छुक भएकाले कार्यालयले उल्लेख गरेका मापदण्ड र शर्तहरूको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न निम्न बमोजिका आवश्यक कागजातहरू संलग्न गरी यो प्रस्ताव सहित निवेदन पेश गरेका छु/छौं।

संलग्न कागजातहरुः

छ	छैन	प्रस्तावकको निवेदन
		दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि
		स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि
		कृषक तथा कृषक समूहको स्थायी लेखा नम्बर तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)
		कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव
		सम्बन्धित स्थानीय तहको सम्बन्धित शाखाको सिफारिस पत्र
		प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि(संस्था वा समूह वा कम्पनीको हकमा।
		प्रस्ताव पेश गर्नेको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
		अनुमानित लागत रकम (निर्माण गरिने पूर्वाधारको हकमा)
		जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा (करार पत्र) (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)

माथि उल्लेखित विवरण तथा कागतपत्रहरू सहि सत्य छन्। विगत तिन वर्ष देखि प्रतिफलमा आधारित प्रोत्साहन अनुदान, क्रमागत कार्यक्रम बाहेक यसै प्रकतिको कामका लागि अनुदान लिएको छैन।

निवेदक

दस्तखत :

नाम :

ठेगाना :

सम्पर्क नं.:

संस्थाको छाप

द्रष्टव्यः कार्यक्रमको प्रकृति अनुसार यस ढाँचालाई आधार मानी सम्बन्धित कार्यालयले निवेदनको ढाँचा परिमार्जन गरी तयार गर्न सक्नेछ।

कृषि अर्थविज्ञ

अनुसूची-२५

कार्यक्रमको संक्षिप्त व्यावसायिक कार्ययोजना (पशुपन्छी तर्फ)

कार्यक्रमको नाम:

जिल्ला: गा.पा./न.पा./उ.न.पा.: वडा नं.: टोल: गाउँ:

आवेदकको नाम:

तालुक/अध्यक्षको नाम: सम्पर्क नं :

१. व्यावसायको परिचय:

२. उद्देश्यहरू :

३. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरण:

४. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरू :

५. व्यवसाय सम्भाव्यताका आधारहरू (उत्पादन, प्रशोधन, प्रवर्द्धन र बजारीकरणका सम्भागहरू बारे विस्तृत विवरण)

क. .....

ख. .....

ग. .....

६. व्यवसाय विस्तार अन्तर्गत सञ्चालन गरिने क्रियाकलापहरू:

क. .....

ख. .....

ग. .....

७. पशुपन्छी पालन व्यवसायमा अनुभव:

८. तालिम सम्बन्धी विवरण :

९.सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्य विवरण:

क.स.	सञ्चालन गरिने क्रियाकलापहरू	अनुदान रु.	संस्थागत लगानी रु.	अन्य निकायको अनुदान रु.	जम्मा लगानी रु.
जम्मा					

१०. सञ्चालन हुने कार्यक्रमको वातावरणीय उपयुक्तता: ( ) प्रभाव पार्ने वा ( ) नपार्ने

११. उत्पादित वस्तुको बजार योजना:

१२. व्यवसाय दिगो हुन्छ भन्ने आधारहरू:

क. .....

ख. .....

कार्ययोजना पेश गर्ने:

नाम:

.....

पद:

कृषि अधिकृत

अनुसूची ३२

बाली वस्तु विशेष सघन क्षेत्र विकास कार्यक्रम

क्र.सं.	कार्यक्रम/ क्रियाकलाप	मापदण्ड	सञ्चालन गर्न सकिने क्रियाकलाप
१	गाई/भैंसी	• गाई/भैंसी पालन व्यवसायका लागि उपयुक्त क्षेत्र हुनुपर्ने, • कम्तीमा २० गाई/भैंसी पालक कृषक घरधुरी भएको हुनुपर्ने, • न्यूनतम ५० पहाडी जिल्लाको हकमा र १०० तराइको जिल्लाको हकमा दुहुना गाई/भैंसी हुनुपर्ने, • बजारीकरणको पहुच भएको हुनुपर्ने,	• कार्यालयकले प्राविधिक टोलीबाट प्रविधिक सम्भाव्यता अध्ययन गरी कार्यक्रम सञ्चालन क्षेत्र छनोट गर्ने • कार्यक्रममा आवद्ध हुन चाहने कृषकहरूको पहिचान गर्ने • कम्तीमा २० जना कृषक सहभागी बनाई समूह गठन गरी परिचालन गर्ने • समूहसँग छलफल गरी कार्यक्रमको उद्देश्य बमोजिम कार्य योजना तयार गरी कार्यालयले स्वीकृत गर्ने • स्वीकृत कार्ययोजना बमोजिम समूहसँग सम्झौता गरी गाई/भैंसी पालनको लागि निम्न उत्पादन कार्यक्रम सञ्चालन गर्ने • व्यसायिक गाई/भैंसी पालनको लागि आवश्यक असल अभ्यासका पाच विधाहरूसँग सम्बन्धित क्रियाकलापहरू: पोषण आहारा व्यवस्थापन, गोठ सुधार, भकारो सुधार, नस्ल सुधार, घास उत्पादन, औषधी तथा खोप, बजार व्यवस्थापन, मेशिनरी औजार उपकरण खरिद र क्षमता अभिवृद्धि सम्बन्धि क्रियाकलापहरू सञ्चालन गर्ने • कार्यक्रम सम्पन्न पछि समूहले कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्ने • प्राप्त प्रतिवेदनको आधारमा कार्यालयबाट स्थालगत अनुगमन गरी भुक्तानी प्रक्रिया अगाडी बढाउने
२	बाख्रा	• बाख्रापालन व्यवसायका लागि उपयुक्त चरन क्षेत्र, हावापानी भएको स्थान क्षेत्र हुनुपर्ने • कम्तीमा २५ बाख्रा पालक कृषक घरधुरी भएको हुनुपर्ने (हिमाली जिल्लाको हकमा २० बाख्रा पालक कृषक घरधुरी) • उत्पादन क्षेत्र स्थानमा न्यूनतम २०० माउ बाख्रा हुनुपर्ने (हिमाली जिल्लाको हकमा १०० माउ बाख्रा) • बाख्रापालनको लागि ईच्छुक समुदाय हुनुपर्ने • बजारीकरणको पहुच भएको हुनुपर्ने	• कार्यालयकले प्राविधिक टोलीबाट प्रविधिक सम्भाव्यता अध्ययन गरी कार्यक्रम सञ्चालन क्षेत्र छनोट गर्ने • कार्यक्रममा आवद्ध हुन चाहने कृषकहरूको पहिचान गर्ने • कम्तीमा ईच्छुक २५ जना कृषक सहभागी बनाई समूह गठन गरी परिचालन गर्ने • समूहसँग छलफल गरी कार्यक्रमको उद्धेश्य बमोजिम कार्य योजना तयार गरी कार्यालयले स्वीकृत गर्ने। • स्वीकृत कार्ययोजना बमोजिम समूहसँग सम्झौता गरी बाख्रा पालनको लागि निम्न उत्पादन कार्यक्रम सञ्चालन गर्ने व्यासायीक बाख्रा पालनको लागि आवश्यक असल अभ्यासका पाच विधाहरूसँग सम्बन्धित क्रियाकलापहरू: पोषण आहारा व्यवस्थापन, खोर निर्माण, खोर सुधार, नस्ल सुधारका लागि प्रजन्न योग्य उन्नत बोका खरिद, घास उत्पादन, औषधी तथा खोप, बजार व्यवस्थापन, मेशिनरी औजार उपकरण खरिद र क्षमता अभिवृद्धि सम्बन्धि क्रियाकलापहरू सञ्चालन गर्ने

महाशाखा प्रमुख

कृषि अर्थविज्ञ

क.सं.	कार्यक्रम/ क्रियाकलाप	मापदण्ड	सञ्चालन गर्न सकिने क्रियाकलाप
		• प्रमाणित दैविक प्रकोप कृषक सदस्यलाई प्राथमिकता दिनुपर्नेछ।	• कार्यक्रम सम्पन्न भएपछि समूहले कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्ने • प्राप्त प्रतिवेदनको आधारमा कार्यालयबाट स्थलगत अनुगमन गरी भुक्तानी प्रक्रिया अगाडी बढाउने
ग	भेडा	• भेडा पालन व्यवसायका लागि उपयुक्त चरन क्षेत्र, हावापानी भएको स्थान क्षेत्र हुनु पर्ने • कम्तीमा १५ भेडा पालक कृषक घरधुरी भएको हुनु पर्ने • उत्पादन क्षेत्र स्थानमा न्यूनतम ३०० माउ भेडा हुनु पर्ने • भेडा पालनको लागि ईच्छुक समुदाय हुनु पर्ने • बजारीकरणको पहुच भएको हुनु पर्ने • प्रमाणित दैविक प्रकोप कृषक सदस्यलाई प्राथमिकता दिनु पर्नेछ।	• कार्यालयकले प्राविधिक टोलीबाट प्रविधिक सम्भाव्यता अध्ययन गरी कार्यक्रम सञ्चालन क्षेत्र छनोट गर्ने • कार्यक्रममा आवद्ध हुन चाहने कृषकहरूको पहिचान गर्ने • कम्तीमा ईच्छुक १५ जना कृषक सहभागी बनाई समूह गठन गरी परिचालन गर्ने • समूहसँग छलफल गरी कार्यक्रमको उद्देश्य बमोजिम कार्य योजना तयार गरी कार्यालयले स्वीकृत गर्ने। • स्वीकृत कार्ययोजना बमोजिम समूहसँग सम्झौता गरी भेडा पालनको लागि निम्न उत्पादन कार्यक्रम सञ्चालन गर्ने व्यसायीक भेडा पालनको लागि आवश्यक असल अभ्यासका पाच विधाहरूसँग सम्बन्धित क्रियाकलापहरु: पोषण आहारा व्यवस्थापन, खोर निर्माण, खोर सुधार, नस्ल सुधारका लागि प्रजन्न योग्य उन्नत थुमा खरिद, घास उत्पादन, औषधी तथा खोप, बजार व्यवस्थापन, मेशनरी औजार उपकरण खरिद र क्षमता अभिवृद्धि सम्बन्धि क्रियाकलापहरू सञ्चालन गर्ने • कार्यक्रम सम्पन्न पछि समूहले कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्ने • प्राप्त प्रतिवेदनको आधारमा कार्यालयबाट स्थालगत अनुगमन गरी भुक्तानी प्रक्रिया अगाडी बढाउने
घ	बंगुर	• बंगुर पालन व्यवसायका लागि उपयुक्त हावापानी भएको स्थान क्षेत्र हुनुपर्ने • कम्तीमा २० बगुर पालक कृषक घरधुरी भएको हुनुपर्ने • उत्पादन क्षेत्र स्थानमा न्यूनतम ५० प्रजनन योग्य माउ बंगुर हुनुपर्ने • बंगुर पालनको लागि ईच्छुक समुदाय हुनुपर्ने • बजारीकरणको पहुच भएको हुनु पर्ने • प्रमाणित दैविक प्रकोप कृषक सदस्यलाई प्राथमिकता दिनु पर्नेछ।	• कार्यालयकले प्राविधिक टोलीबाट प्रविधिक सम्भाव्यता अध्ययन गरी कार्यक्रम सञ्चालन क्षेत्र छनोट गर्ने • कार्यक्रममा आवद्ध हुन चाहने कृषकहरूको पहिचान गर्ने • कम्तीमा ईच्छुक २० जना कृषक सहभागी बनाई समूह गठन गरी परिचालन गर्ने • समूहसँग छलफल गरी कार्यक्रमको उद्देश्य बमोजिम कार्य योजना तयार गरी कार्यालयले स्वीकृत गर्ने। • स्वीकृत कार्ययोजना बमोजिम समूहसँग सम्झौता गरी बंगुर पालनको लागि निम्न उत्पादन कार्यक्रम सञ्चालन गर्ने व्यावसायिक बंगुरपालनको लागि आवश्यक असल अभ्यासका पाच विधाहरूसँग सम्बन्धित क्रियाकलापहरु: पोषण आहारा व्यवस्थापन, खोर निर्माण, खोर सुधार, नस्ल सुधारका लागि प्रजन्न योग्य उन्नत बिर (भाले) खरिद, घास उत्पादन, औषधी तथा खोप, बजार व्यवस्थापन, मेशनरी औजार उपकरण

क्र.सं.	कार्यक्रम/ क्रियाकलाप	मापदण्ड	सञ्चालन गर्न सकिने क्रियाकलाप
			खरिद र क्षमता अभिवृद्धि सम्बन्धि क्रियाकलापहरू सञ्चालन गर्ने • कार्यक्रम सम्पन्न पछि समूहले कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्ने • प्राप्त प्रतिवेदनको आधारमा कार्यालयबाट स्थलगत अनुगमन गरी भुक्तानी प्रक्रिया अगाडी बढाउने
१	माछा	• माछा पालनको लागि उपयुक्त जमिन, भुगोल, हावापानी भएको स्थान क्षेत्र हुनु पर्ने • अधिकतम १० कट्ठा जलशयमा मत्स्य पालन कार्यक्रम संचालको लागि सहयोग गर्न सकिने • यस कार्यक्रममा बढीमा ९ जना सम्म कृषक सहभागी गराउन सकिनेछ • एउटा पोखरी न्यूनतम ३ कट्ठा जलाशयको हुनु पर्नेछ। • कार्यक्रम सम्भाव्य एउटा स्थानीय तह भित्रको कुनै कलस्टरमा हुनु पर्नेछ। • मत्स्य पालनको लागि ईच्छुक समुदाय हुन • बजारीकरणको पहुच भएको हुनु पर्ने • प्रमाणित दैविक प्रकोप कृषक सदस्यलाई प्राथमिकता दिनु पर्नेछ।	• कार्यालयकले प्राविधिक टोलीबाट प्रविधिक सम्भाव्यता अध्ययन गरी कार्यक्रम सञ्चालन क्षेत्र छनोट गर्ने • कार्यक्रममा आवद्ध हुन चाहने कृषकहरूको पहिचान गर्न निवेदन माग गरी उपयुक्त निवेदन छनोट गर्ने • ईच्छुक सहभागी कृषकहरूको संजाल गठन गरी परिचालन गर्ने • संजालसँग छलफल गरी कार्यक्रमको उद्धेश्य बमोजिम कार्य योजना तयार गरी कार्यालयले स्वीकृत गर्ने। • स्वीकृत कार्ययोजना बमोजिम संजालमा आवद्ध छनोटमा परेका कृषकसँग सम्झौता गरी मत्स्य पालनको लागि निम्न उत्पादन कार्यक्रम सञ्चालन गर्ने;- • नैया पोखरी निर्माण, पानीको श्रोत व्यवस्थापन, मेशिनरी औजार उपकरण खरिद, विधुतिकरण, पोषण आहारा व्यवस्थापन, भुरा खरिद, चुना, मलखाद, औषधी, बजार व्यवस्थापन, र क्षमता अभिवृद्धि सम्बन्धि क्रियाकलापहरू (नयाँ पोखरी निर्माणका लागि प्रति हे. जलाशय रु. ५ लाखका दरले, अन्य कृयापलापका लागि प्रति हे. जलाशय रु. ५ लाखका दरले अधिकतम ५० प्रतिशत अनुदान सहयोगमा) • कार्यक्रम सम्पन्न पछि समूहले कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्ने • प्राप्त प्रतिवेदनको आधारमा कार्यालयबाट स्थलगत अनुगमन गरी भुक्तानी प्रक्रिया अगाडी बढाउने